Ref. N-26/013-15

**प्रेस वक्तव्य**

नेपाल सरकारले भूकम्पबाट क्षतिग्रस्त मुलुकको पुनःनिर्माणमा वैदेशिक सहयोग जुटाउन गैरआवासीय नेपाली संघका अध्यक्ष श्री शेष घलेलाई अवैतनिक 'विशेष दूत' नियुक्त गरेकोमा संसारभर छरिएर रहेका सम्पूर्ण गैरआवासीय नेपालीहरु गौरवान्वित भएका छौं ।

नेपाल सरकारको यो कदमबाट सम्पूर्ण गैरआवासीय नेपालीको भावन र योगदानको कदर भएको हामीले महशुस गरेका छौं ।

महाभूकम्पसंगै आपतकालिन राहत वितरणमा व्यक्तिगत र संस्थागत रुपले समेत सक्रिय भई संसारभरका गैरआवासीय नेपालीहरुलाई स्वयंसेवकका रुपमा परिचालित गर्दै उदाहरणीय काम गर्न सफल अध्यक्ष श्री घलेलाई ऐतिहासिक जिम्मेवारी दिएकोमा संघ सरकार प्रति हार्दिक आभार प्रकट गर्दछ ।

साथै, अध्यक्ष घलेलाई विशेष दूतको नयाँ भूमिकाकालागि हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्यकालको पूर्णरुपमा सफलताकालागि गैरआवासीय नेपाली संघ हार्दिक शुभकामना व्यक्त गर्दछ।

मन के.सी
प्रवक्ता
गैरआवासीय नेपाली संघ
अन्तर्राष्ट्रिय समन्वय परिषद ।

मितिः ३१ जेठ २०७२